नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बागलुङ

फोन नं.:- ०६८-५२०२३३
फ्याक्स नं.:-०६८-५२०१३३

पत्र संख्या:-
चलानी नं.:-

मिति :-२०७५।३।१

## प्रेस विज्ञप्ती ।

प्रस्तुत विषयमा "घर दैलोमा सेवा, सुशासनमा टेवा" भन्ने मूल अभियानका साथ जिल्ला प्रशासन कार्यालय बागलुङबाट यस जिल्लाका सबै स्थानीय तहहरुमा जेष्ठ नागरिक, अपाङ्ग तथा विकट स्थानमा बसोवास गर्ने विपन्न नागरिकहरुलाई घर दैलोमा गई एकीकृत घुम्ती सेवाबाट नेपाली नागरिकताको प्रमाण पत्र, अपाङ्ग परिचय पत्र तथा स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले जिल्लाका विभिन्न ३ स्थानमा एकीकृत घुम्ती सेवा शिविर सम्पन्न भएको छ ।

मिति २०७५।२।२० गते तमानखोला गाउँपालिकाको बोङ्गादोभानमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा आयोजना गरिएको एकीकृत घुम्ती सेवा शिविरमा यस कार्यालय र एकीकृत सेवा केन्द्र बुर्तिवाङबाट खटिई गएको टोलीबाट २२ जना महिला र ४८ जना पुरुष गरी ७० जना नागरिकलाई नेपाली नागरिकताको प्रमाण पत्र बितरण गरिएको, महिला तथा बालबालिका कार्यालयबाट १८ जनालाई अपाङ्ग परिचय पत्र बितरण भएको र जिल्ला जनस्वास्थ्य कार्यालय र नेपाली सेनाको २३ नं. बाहिनीको संयुक्त टोलीबाट १७० जनालाई स्वास्थ्य सेवा प्रदान गरिएको ।उक्त शिविर एक समारोहका बीच जिल्ला समन्वय समितिका प्रमुख श्री राजेन्द्र ढुंगानाले व्यानर वाचन गरेर र प्रमुख जिल्ला अधिकारी श्री वेद प्रसाद खरेलबाट प्रथम सेवाग्राहीलाई नागरिकता प्रदान तथा खादा र टीकाबाट सम्मान गरी संयुक्त रुपमा उदघाटन गरिएको थियो ।यसै गरी जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी उपरीक्षक दीपक रेग्मीले अपाङ्ग परिचय पत्र प्राप्त गर्ने प्रथम सेवाग्राहीलाइपरिचय पत्र प्रदान गर्नु भएको थियो ।सो समारोह तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाको अध्यक्षतामा र प्रमुख प्रशासकीय अधिकृत कमल प्रसाद गौतमको संचालनमा सम्पन्न भएको ।

मिति २०७५।२।३० गते गलकोट नगरपालिका वडा नं. ११ रिघामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा आयोजना गरिएको एकीकृत घुम्ती सेवा शिविरमा यस कार्यालयबाट खटिई गएको टोलीबाट ८३ जना महिला र २७ जना पुरुष गरी ११० जना नागरिकलाई नेपाली



प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बागलुङ

फोन नं.:- ०६८-५२०२३३
फ्याक्स नं.:-०६८-५२०१३३

पत्र संख्या:-
चलानी नं.:-

नागरिकताको प्रमाण पत्र बितरण गरिएको, महिला तथा बालबालिका कार्यालयबाट ६ जनालाई अपाङ्ग परिचय पत्र बितरण भएको ।उक्त शिविर एक समारोहका बीच गलकोट नगरपालिकाका नगर प्रमुख श्री भरत शर्मा गैरेबाट व्यानर वाचन गरेर र प्रमुख जिल्ला अधिकारी श्री वेद प्रसाद खरेलबाट प्रथम सेवाग्राहीलाई नागरिकता प्रदान तथा खादा र टीकाबाट सम्मान गरी संयुक्त रुपमा उदघाटन गरिएको थियो ।यसै गरी गलकोट नगरपालिकाका उपप्रमुख श्री रेणुका काउचाले अपाङ्ग परिचय पत्र प्रास गर्ने प्रथम सेवाग्राहीलाइ परिचय पत्र प्रदान गर्नु भएको थियो ।सो समारोह गलकोट नगरपालिका वडा नं. ११ का वडा अध्यक्ष डम्मर बहादुर श्रीसको अध्यक्षतामा र जिल्ला प्रशासन कार्यालय बागलुङका प्रशासकीय अधिकृत धिरेन्द्रराज पन्तको संचालनमा सम्पन्न भएको ।

मिति २०७५।२।३१ गते गलकोट नगरपालिका वडा नं. ३ हटियामा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा आयोजना गरिएको एकीकृत घुम्ती सेवा शिविरमा यस कार्यालयबाट खटिई गएको टोलीबाट १४५ जना महिला र १२३ जना पुरुष गरी २६८ जना नागरिकलाई नेपाली नागरिकताको प्रमाण पत्र बितरण गरिएको, महिला तथा बालबालिका कार्यालयबाट २८ जनालाई अपाङ्ग परिचय पत्र बितरण भएको ।उक्त शिविर एक समारोहका बीच गलकोट नगरपालिकाका नगर उपप्रमुख श्री रेणुका काउचाबाट व्यानर वाचन गरेर र प्रमुख जिल्ला अधिकारी श्री वेद प्रसाद खरेलबाट प्रथम सेवाग्राहीलाई नागरिकता प्रदान तथा खादा र टीकाबाट सम्मान गरी संयुक्त रुपमा उदघाटन गरिएको थियो ।यसै गरी गलकोट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्णराज गौतमबाट अपाङ्ग परिचय पत्र प्रास गर्ने प्रथम सेवाग्राहीलाइ परिचय पत्र प्रदान गर्नु भएको थियो ।सो समारोह गलकोट नगरपालिका वडा नं. २ का वडा अध्यक्ष श्री हिम बहादुर भण्डारीको अध्यक्षतामा र गलकोट नगरपालिका वडा नं.८ का वडा सचिब महेन्द्र पौडेलको संचालनमा सम्पन्न भएको ।

उक्त तीनवटै शिविरमा सेवा प्रदायक कार्यालय र आयोजक जिल्ला प्रशासन कार्यालयका कर्मचारीहरुलाई निर्वाचित जनप्रतिनिधिहरु, स्थानीय नागरिक तथा आमा समूहबाट हर्ष उल्लासका साथ भजन कृतन तथा माला र टिकाबाट स्वागत भएको थियो भने प्रमुख जिल्ला अधिकारीज्यूबाट सेवा प्रदान गर्न समन्वय र व्यवस्थापनमा सहयोग पुरयाउनु हुने निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुलाई हार्दिक धन्यवाद प्रदान गर्नुभयो ।

प्रशासकीय अधिकृत